प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ४७ ।। २०८० चैत्र ०९ गते शुक्रबार (22nd Mar 2024 Friday) | Pratidin National Daily | मूल्य-रु.५/-

# झापामा मिटरब्याजीहरुमाथि कार्वाही थालियो

झापा(प्रस) । अनुचित लेनदेन अर्थात मिटरब्याज लिनेहरुमाथि झापामा कानुनी कार्वाही शुरु गरिएको छ। जिल्ला प्रशासन कार्यालय , जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय दमकमा दर्ता भएका मिटरब्याजसम्बन्धी निवेदन र जाहेरीउपर कार्वाही शुरु गरिएको हो । अहिलेसम्म झापामा मिटरव्याजसम्बन्धी ८२ वटा निवेदन र जाहेरी दर्ता भएका छन्। जिल्ला प्रशासन कार्यालयमा ६८ वटा निवेदन, जिल्ला प्रहरी कार्यालयमा ६ वटा निवेदन र ६ वटै जाहेरी र इलाका प्रहरी कार्यालय दमकमा २ वटा निवेदन परेको जिल्ला प्रहरी कार्यालयका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक ढुण्डीराज गिरीले बताए । परेका निवेदन र जाहेरीमाथि कार्यान्वयन थालिसकेको प्रहरी निरीक्षक गिरीले बताए। उनका अनुसार हालसम्म ३० वटा निवेदनउपर सहमति भएको छ भने १४ वटा मुद्धा चलेको छ। त्यस्तै विपक्षीहरु उपस्थित नभएको १४ वटा , अन्य जिल्ला ठेगाना भई मानिस उपस्थित नभएका एउटा, मुद्धा प्रक्रियामा जाने ६ वटा , निवेदक उपस्थित नभएको ३ वटा र सहमति प्रक्रियामा रहेको ६ वटा रहेको गिरीले जानकारी दिए । जिल्ला प्रशासन कार्यालयले



मिटरव्याज पीडितहरुको सहजताका लागि सहायक प्रमुख जिल्ला अधिकारी चुडामणि चापागाँईलाई फोकल पर्सन तोकेको छ । मिटरव्याज पीडितहरुलाई सहजीकरण गर्नका लागि आफूलाई फोकल पर्सन तोकिएको सहायक प्रजिअ चापागाँईले जानकारी दिए। केही दिनअघि बिर्तामोडमा मिटरब्याजीका एक आरोपी पक्राउ परेका थिए। जिल्ला प्रहरी कार्यालयले बिर्तामोड नगरपालिका-७ स्थित गरामनी निवासी दीर्घ भनिने पृथ्वी ओलीलाई पक्राउ गरेको थियो ।

मिटरब्याज पीडितहरूले जिल्ला प्रशासन कार्यालय झापामा उजुरी दिएसँगै प्रहरीले पहिलो पटक मिटरब्याजी आरोपीलाई पक्राउ गरेको हो ।

यसैबीच सरकारले मिटरब्याज पीडितको समस्या समाधान गर्न समिति बनाउने निर्णय गरेको छ। मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले समितिको कार्यविधि बनाएर समिति बनाउने निर्णय गरेको एक मन्त्रीले जानकारी दिए ।


'मिटरब्याज पीडितको समस्या समाधान गर्न समिति बनाउने निर्णय भएको छ,' एक मन्त्रीले भने, 'समितिको कार्यविधि बनाएपछि समिति गठन हुने छ।'

फागुन २९ मा सरकार र मिटरब्याज पीडितबीच समस्या समाधान गर्न चार बुँदे सहमति भएको थियो । सहमतिमा आयोग गठन गर्ने भनिए पनि समिति बनाएर समस्या हल गर्ने निर्णय गरिएको हो ।

काँकडभिट्टा र कञ्चनपुरको गड्डाचौकीबाट माघ १६ बाट पैदल आएर एक हजारभन्दा बढी मिटरब्याजपीडित आन्दोलनरत थिए । सहमतिमा 'जाँचबुझ आयोग ऐन, २०२६' बमोजिम तीन महिनाभित्रमा सरकारसमक्ष प्रतिवेदन पेस गर्ने गरी तीन सदस्यीय आयोग गठन गर्ने सहमति भएको थियो । यसअघिको आयोगले प्रहरीमा पठाइएका र आयोग गठन भएपछि निवेदकबाट प्राप्त हुने नयाँ उजुरीमाथि पुनः जाँचबुझ गर्ने सहमति भएको थियो ।

'नभएको वा नगरेको रकम लिए/दिएको भनी लिखत तयार गरेको, वास्तविक रकमभन्दा बढीको लिखत तयार गरेको, लेनदेन गर्दाको बखत ब्याजसमेत साँवामा जोडी लिखत तयार गरेको, ऋणीले तिरे बुझाएको रकमको भर्पाइ नदिने वा लिखत नबनाउने गरेको, कानुनले तोकेभन्दा बढी ब्याज लिएको' अवस्थाबारे छानबिन गर्नेछ । 'ऋण असुलीका लागि कुनै धम्की दिएको, हिंसा वा शोषण गरेको, अनुचित लेनदेनका आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिएको, लेनदेनको कारोबारमा नलेखिएको (खाली) वा लिएको रकमभन्दा बढी रकम उल्लेख गरी बाध्यकारी चेक काट्न लगाएको र अनावश्यक लिखत खडा गरेको' विषयमा पनि अनुसन्धान गर्ने कार्यादेश दिने सहमति भएको थियो ।





हिमपात : ३ हजार ७ सय ९४ मिटरको उचाईमा रहेको ताप्लेजुङस्थित पाथीभरा क्षेत्रमा लामो समयपछि हिमपात भएको छ। हिउँले पाथीभरा मन्दिर र आसपासका क्षेत्र छपक्क छोपेको छ । त्यस्तै इलामको सन्दकपुरमा पनि हिमपात भएको छ। हिउँले ढाकिएको पर्यटकीय गन्तव्य सन्दकपुरमा पर्यटकहरु रमाइरहेका छन्।

# असुरक्षित गर्भपतनका कारण ८ प्रतिशत मातृ मुत्यु

• लक्ष्मी उप्रेती

मेचीनगर। विश्वमा ८ प्रतिशत मातृ मुत्यु असुरक्षित गर्भपतनका कारण हुने गरेको एक अध्ययनले देखाएको छ । महिलाको स्वास्थ्य, पोषण र समष्टिगत विकाससँग सम्बन्धित केही तथ्यहरुलाई अध्ययन गर्दा यदि अनिच्छित गर्भ रहेका सबै ५ वर्ष मुनिका बाल मृत्युदरमा १३ प्रतिशतले कमि आउने 'क्लिल्याण्ड इट एआई' को अध्ययनले देखाएको छ । अध्ययनका अनुसार ३६ महिनाको फरकमा बच्चा जन्माएमा बाल मृत्युदरमा कमि ल्याउन सकिने छ । एउटा बच्चा जन्माइसकेपछि अर्को गर्भबीचको अन्तर दुई वर्षभन्दा बढीको अन्तरको दाँजोमा दुई मृत्यु हुने संख्यामा पाँच भागको चार भाग कम गर्न सकिने अध्ययनले देखाएको छ । युएसएआईडी मोमेन्टम परियोजनाका कोशी प्रदेश प्रादेशिक संयोजक मजबुल आलमको प्रस्तुतीकरणमा यो देखाइएको थियो ।

स्थानीय तहसँगको सहकार्य



महिलाहरुले प्रभावकारी गर्भ निरोधका साधनहरु प्रयोग गरेमा हालको मातृ मृत्युमा ३० प्रतिशतले कमि आउन सक्ने 'क्लिल्याण्ड इट एआई' को सन् २०१२ को अध्ययनले देखाएको हो ।

यदि सबै दम्पत्तिहरुले एउटा गर्भ र अर्को गर्भबीचको अन्तर कम्तिमा २४ महिनाको फरकमा बच्चा जन्माएमा वर्षभन्दा कम समयको गर्भान्तरमा बच्चा पाउँदा बच्चाको मृत्यु हुने सम्भावना दोब्बरबढी हुने अध्ययनले देखाएको छ ।

यदि परिवार नियोजनको अपरि पूर्त माग पुरा गर्न सकिएमा हाल भइरहेको असुरक्षित गर्भपतनको संख्यामा तीनचौथाई कम गर्न सकिने र असुरक्षित गर्भपतनका कारणले र समन्वयका लागि मेचीनगर नगरपालिकाको सभाहलमा बिहीबार सम्पन्न अमेरिकी सहयोग नियोग युएसएआईडी मोमेन्टम परियोजनाको त्रैमासिक समीक्षा बैठकमा एमपीएचडीका वरिष्ठ कार्यक्रम अधिकृत हरिजंग रायमाझीले पालिका र निजी स्वास्थ्य संस्थाहरुबीच परियोजनाअन्तर्गत

❖ बाँकी अन्तिम पृष्ठमा

# बसको ठक्करबाट कनकाईका श्रेष्ठको मृत्यु




झापा(प्रस)। यात्रुबाहक बसको ठक्करबाट घाइते झापा कनकाई ५ चप्रामारीका ६५ वर्षीय खड्गबहादुर श्रेष्ठको मृत्यु भएको छ । बुधवार दिउँसो ३.२५ बजे मोरङको उर्लावारी ३ नयाँ मंगलवारेस्थित पूर्व पश्चिम लोकमार्गमा काँकरभिट्टाबाट धरान जाँदै गरेको को १ ख ६२ ९५ नं को जनता यातायात बसले उत्तरबाट दक्षिणतर्फ बाटो काट्दै गरेका श्रेष्ठलाई ठक्कर दिएको थियो । टाउकोमा गंभीर चोट लागेका श्रेष्ठलाई तत्काल अरनिको अस्पताल उर्लावारी पठाई सामान्य उपचारपश्चात् थप उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको थियो । उपचारका क्रममा बिहीवार दिउँसो १२.२७ बजे उनको मृत्यु भएको इलाका प्रहरी कार्यालय उर्लावारीले जनाएको छ । दुर्घटनापछि ठक्कर दिने बस र बस चालक धरान १७ बस्ने ४९ वर्षीय हर्कबहादुर तामाङलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

त्यस्तै मोरङको ग्रामथान गाउँपालिका- ५ स्थितमा पिकअप गाडीको ठक्करबाट साईकलयात्रीको मृत्यु भएको छ। बिहीवार बिहान साढे को २ च २१७ नम्बरको दुध बोक्ने पिकअप गाडीले बाटो क्रस गर्दै गरेको साईकललाई ठक्कर दिँदा साईकलमा सवार ग्रामथान गाउँपालिका ३ का ५६ बर्षीय हुवालाल माझी घाईते भएका थिए। घाईते माझीलाई उपचारको लागि आर्या न्युरो अस्पताल बिराटनगर लगिएकोमा उनको अस्पताल पुऱ्याउनसाथ मृत्यु भएको थियो । घटनामा संलग्न ठक्कर दिने पिकअप र पिकअप चालक बिराटनगर महानगरपालिका १ का ३९ बर्षीय राजेश गुप्तालाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय मोरङबाट थप अनुसन्धान भईरहेको छ।

## विराटपोखरी (सरोवर बहुउद्देश्यीय) विकास समिति

**विर्तामोड न.पा. वडा नं. ३**

## टेण्डर आव्हान गरिएको सूचना ।

**दोस्रो पटक प्रकाशित मितिः२०८०-१२-९**

विर्तामोड न.पा. वडा नं. ३ स्थित विराटपोखरी (सरोवर बहुउद्देश्यीय) विकास समितिको स्वामित्वमा

रहेको हुनाले मिति २०८०/८/९ गते बसेको समितिको बैठकको निर्णयनुसार उक्त पोखरी माछापालन गर्न चाहने नेपाली किसान तथा व्यापारीहरुमा निम्न सर्तनुसारको सर्तमा रही प्रस्ताव पेश गर्न सूचना प्रकाशित गरिएको छ ।

**सर्तनामाहरुः**

१. ठेक्का रकम वार्षिक रु ३,००००० (अक्षरुपी तीन लाख मात्र) नघट्ने गरी शिलबन्दी टेन्डर पेश गर्नुपर्नेछ ।

२. बोलपत्र बड़ा बहमा हुनेछ ।

३ बोलपत्र पेश गर्ने व्यक्तिले नेपाली नगरिकता प्रमाण पत्र सहित आफूले कबुल गरेको रकम उत्तेख गरी शिलबन्दी बुझाउनु पर्नेछ।

४. बोलपत्रको म्याद प्रकाशित मिति १५ दिन सम्मकी रहने छ ।

५. बोलपत्र दर्ता गर्दा रु. ३००|- लाग्ने ७ २१ जनाले एउटा भन्दा बढी दर्ता गराउन पाउने छैन साथै दर्ता शुल्क फिर्ता गरिने छैन। ६. बोलपत्र म्याद समाप्त भएको भोलिपल्टू बोलपत्र दाताहरुको उपस्थितिमा समितिका पदाधिकारीहरु वडा प्रतिनिधिहरुको रोहवरमा बसेर फार्मको शिलबन्दी फार्म खोलिनेछ। ७. बोलपत्र स्वीकृत गर्ने अधिकार विराटपोखर सरोवर विकास समितिमा निहित रहने छ ।

८. बोलपत्र स्वीकृत भएमा सम्बन्धित व्यक्ति वा संस्थाले आफूले कबुल गरेको रकमको ५० प्रतिशत रकम सम्झौता गर्दा बुझाउनु पर्नेछ

९ बाँकी रहेको ५० प्रतिशत रकम सम्झौता अनुसार भुक्तानी गर्नु पर्नेछ ।

**जगन्नाथ भट्टराई**
**सचिव**

**इन्द्र प्रसाद प्रसाई**
**अध्यक्ष**

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

**डा. दिपायन पाण्डे, MD**
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार

**डा. आलोक झा, MD**
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समयः प्रत्येक महिनाको पहिलो शनिबार

**डा. केशव कु. मण्डल, MD**
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समयः दैनिक सेवा

**डा. प्रेम ब. शाही, MS, FISS**
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समयः दैनिक सेवा

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समयः दैनिक सेवा

**डा.धिरज ताम्राकार, MD**
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समयः दैनिक सेवा

**डा. धिरज गिरी, MS**
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समयः दैनिक सेवा

**प्रा. डा. अरूण सेढाई, MD, DM**
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिना विर हस्पिटलबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
प्रमुख विशेषज्ञ - मेरूदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समयः प्रत्येक महिना विर हस्पिटलबाट

**डा. धर्मागत भट्टराई, MD, DM**
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समयः प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समयः प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
**जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.**
बिर्तामोड-8, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि. हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# कोशीमा चार सय ८८ आगलागीका घटना



झापा (प्रस) । सुख्खायाम सुरु भएसँगै कोशी प्रदेशमा आगलागीका घटना बढेका छन् । कोशी प्रदेश प्रहरी कार्यालयले विगत तीन महिनामा प्रदेशका १४ जिल्लामा आगलागीका चार सय ८८ घटना भएको जनाएको छ ।

कोशी प्रदेश प्रहरी कार्यालयका प्रहरी उपरीक्षक दीपक पोखरेलका अनुसार पुस १ गतेदेखि चैत ८ गतेसम्मको तीन महिनामा प्रदेशमा आगलागीबाट १२ जनाको मृत्यु र २४ जना घाइते भएका छन् । विद्युत् सर्ट, ग्यास चुहावट, भान्सा र गोठको आगो नियन्त्रण बाहिर जाँदा आगलागीका घटना हुने गरेका उनले बताए ।

स्थानीय जङ्गलमा पनि डढेलो लाग्ने गरेको भन्दै प्रहरी उपरीक्षक पोखरेलले पहाडी जिल्लाका वनमा लागेको डढेलो नियन्त्रण बाहिर गएमा मानव बस्तीमा समेत आगलागी हुने गरेको बताए । यही चैत ३ गते भोजपुरको हतुवागढी गाउँपालिका-७ मा आगलागी हुँदा एकै परिवाका तीन बालबालिकाको मृत्यु भएको थियो ।

मृत्यु हुनेमा तीन वर्षीय देउनिस कार्की, पाँच वर्षीय प्रनिस कार्की र सात वर्षीया दिप्तिका कार्की रहेको जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रहरी निरीक्षक दलबहादुर राईले जानकारी दिए । 'आमाबुवा खेतबारीमा काम गर्न जानुभएको रहेछ,' घटनाबारे जानकारी दिँदै उनले भने, 'गोठबाट सल्किएको आगोले घरमा खेलिरहेका बालबालिकालाई लपेटेछ । उनीहरू भाग्नै सकेनन् ।'

जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक मिलन केसीका अनुसार जिल्लामा बितेको दुई सातामा आगलागीका दुई दर्जन घटना भइसकेका छन् । झापाको गौरीगञ्ज गाउँपालिका-१ का ५५ वर्षीय निलकण्ठ घिमिरेको बुधबार तरकारी बारीमा सल्किएको आगोले जलेर घटनास्थलमै मृत्यु भयो । गत पुष १ गते धनकुटा नगरपालिका-५ कर्मीटारमा गोठमा खोले पकाउने चुलोबाट सल्केको आगोले विश्वबन्धु थापा र काजीनारायण श्रेष्ठको घर, गोठ जलेर रू ११ लाख बराबरको क्षति भएको प्रहरीको भनाइ छ ।

गत फागुन २८ गते मेचीनगर नगरपालिका-१५ मा रहेको देशकै ठूलो प्लाइउड कारखाना भगवती लेमिनेट्स् प्रालिमा भीषण आगलागी हुँदा १५ करोडको क्षति भएको छ । काठको गोलियामा सल्किएको आगो निभाउन नेपालका आठवटा र भारतको एउटा दमकललाई तीन दिन लागेको प्रदेश प्रहरी कार्यालयका प्रहरी उपरीक्षक पोखरेलले जानकारी दिए ।

यही चैत २ गते झापाको रतुवामाई वृक्षरोपण आयोजनामा ठूलो डढेलो लागेको थियो । आयोजनाको धरमपुर, केर्खा र झिलझिले नजिक वनमा लागेको आगो निभाउन आयोजनाले चासो नदेखाएको सथानीयवासीको आरोप छ ।

घरको भान्सा, परालको कुन्यू र चुरोटको ठुटाबाट समेत आगलागीका दुर्घटना निम्तिने गरेका छन् । बालबालिकाले सलाई र लाइटरजस्ता आगो निस्कने वस्तु खेलाउँदा कतिपय आगलागी भएका छन् ।

## अर्जुनधारामा एउटा घर जल्यो

झापा(प्रस)। झापाको अर्जुनधारा नगरपालिका २ बेलटारस्थित एक घरमा आगलागी भएको छ । बेलटार चौकमा रहेको मानबहादुर सार्कीको घरमा तीन वटा कोठामा आगलागी हुँदा अन्दाजी ५ लाख रुपैयाँ क्षति भएको प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरी बल खुदुनाबारी बेस क्याम्पका असई हिरबहादुर राईका अनुसार बुधवार बेलुकी करिब साढे ९ बजे विद्युत् सर्ट भई आगलागी भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

आगलागी भएको करिब डेढ घण्टापछि बिर्तामोडको दमकल, स्थानीय बासिन्दा, सशस्त्र प्रहरी, नेपाल प्रहरीलगायतको सक्रियतामा आगो नियन्त्रणमा आएको थियो

# कार्कीमाथि ३ करोड २१ लाखको भ्रष्टाचार मुद्दा




झापा(प्रस) । काठमाडौं उपत्यका विकास प्राधिकरणमा कार्यरत शाखा अधिकृत यामकुमार कार्कीले तीन करोड २१ लाख ३२ हजार ९५६ रुपैयाँ भ्रष्टाचार गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दर्ता गरेको छ ।

करार सेवामा कार्यरत अधिकृत कार्कीले गैर कानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्दै सोही रकम बराबरको बिगो कायम गरी विशेष अदालतमा बिहीबार मुद्दा दर्ता गरेको हो । काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय, काठमाडौं अन्तर्गत बागमतीनगर जग्गा एकीकरण आयोजनाको कार्यालय, बौद्ध तथा अतिरिक्त जिम्मेवारीको रूपमा कागेश्वरी मनोहरा, गोकर्णेश्वर तथा शङ्खरापुर नगरपालिकाद्वारा सञ्चालित पूर्वी काठमाडौं नयाँ सहरी विकास आयोजना, माकलबारीमा खटिई कार्कीले काम गर्दै आएका थिए ।

कार्कीले पदीय मर्यादाविपरीत सरकारी जग्गालाई व्यक्तिको नाममा दर्ता गराई गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने उजुरीमाथि अनुसन्धान हुँदा घटना बाहिरिएको थियो ।

# पौडेल दम्पत्तीले एक सिजनमै कमाए ६ लाख

• **सरोज भट्टराई**



शिवसताक्षी । झापा शिवसताक्षी नगरपालिका वडा नं. ७ का पौडेल दम्पत्तीले तरकारी खेतीबाट मनग्ये आम्दानी गरेका छन् । शिवसताक्षी ७ सिमलचौक निवासी डिल्लीप्रसाद पौडेल र उनी श्रीमती मीना पौडलले आफ्नै बारीमा लगाएको तरकारी खेतीबाट मनग्ये आम्दानी गरेका हुन् । पौडेलले १६ कठ्ठा क्षेत्रफलमा प्याप्सिकन, बन्दाकोपी, खर्बुजा बैगुनलगायतका तरकारीहरु लगाएका छन् । उनीहरु बिहानदेखि नै तरकारीको रेखदेख र गोडमेलमा ब्यस्त देखिन्छन् । पौडेल दम्पत्तीले दुई दशकदेखि व्यावसायिक रुपमा तरकारी खेती गर्दै आइरहेका छन् । पछिल्लो समय उनीहरुले प्याप्सिकन लगाएका हुन् । अन्य प्रजातिका तरकारीभन्दा प्याप्सिकन तरकारीले भाउ पाउने भएपछि यस वर्षदेखि प्याप्सिकन लगाएको डिल्लीप्रसाद पौडेलले बताए । उनको बारीमा अहिले बन्दाकोपी, खोर्सानी, बैगुन, खर्बुजालगायतका तरकारीहरु भेटिन्छन् । जसमा बन्दा र प्याप्सिकनले आम्दानी दिन सुरु गरेको छ । उनले १० कठ्ठामा प्याप्सिकन, ३ कठ्ठामा खर्बुजा र १ कठ्ठामा बैगुन लगाएका छन् । उनको बगानमा अंगुर, स्याउ, ड्रागन फुट्स र तेलका लागि सूर्यमुखीसमेत लगाइएको छ ।

शिवसताक्षी नगरपालिकाले कृषिमा अनुदान दिन थालेपछि तरकारी खेती गर्न केही सहज हुन थालेको डिल्लीप्रसाद पौडेल बताउँछन् । उनका अनुसार प्याप्सिकनमा बन्दा र करेलाको भन्दा डबलबढी आम्दानी देखिएको छ । उनी भन्छन् '१० कठ्ठा क्षेत्रफलमा लगाइएको प्यासिकनबाट खर्च कटाएर ६ लाख आम्दानी हुनेछ ।' तरकारी खेतीमा बजारको समस्या नभई उत्पादनमै समस्या रहेको उनको भनाई छ । पौडेलले उत्पादन गरेको तरकारी शिवसताक्षीका व्यापारीले घरमै आएर लाने गरेका छन् । पौडेलले भने, ' यहाँभन्दा दमक र बिर्तामोड पुर्याउन सके अझ बढी आम्दानी हुने गरेको छ । प्याप्सिकन सिजन सकिएपछि बैशाखतिर खर्बुजा पनि बिक्रीका लागि तयार हुन्छ ।' उनका अनुसार अहिलेको सिजनमा तरकारी खेतीमा १ लाख २० हजार खर्च भएको छ । कृषि पेशामा मेहेनत गर्नसके युवाहरु विदेश गइरहनु नपर्ने उनको अनुभव छ ।

शिवसताक्षी नगरपालिकाबाट तरकारी खेतीका लागि मल, बीउविजन, मल्चिन सहयोग मिलेको छ । शिवसताक्षीका कृषि शाखा प्रमुख रविन भट्टराईले प्याप्सिकन खेतीबाट राम्रो आम्दानी हुने सुझाब दिएपछि प्याप्सिकन खेती सुरु गरिएको उनको भनाई छ ।

शिवसताक्षी नगरपालिकाकी उपप्रमुख नरमाया कार्कीले कृषिमा नगरपालिकाले गरेको लगानीको प्रतिफल राम्रो देखिएको बताइन् । उनले शिवसताक्षीका कृषकहरुले तरकारी खेती, तोरी खेती, कालो नुनिया धान खेती, युवा लक्षित कार्यक्रम अन्तर्गत नगरपालिकाले दिएको अनुदानबाट मौरीपालन गरेर मनग्ये आम्दानी गरेको अनुगमन क्रमममा भेटिएको जानकारी दिइन् । उनले भनिन् 'हामी समय समयमा नगरभित्रका कृषकहरुको बारीमा जान्छौ । कृषि उत्पादनका लागि, मल, बीउ र बजारीकरणका समस्याहरुका बारेमा छलफल गरेर कृषकहरुबाट सुझाब समेत लिने गरेका छौं ।'

शिवसताक्षी नगरपालिकाका कृषकलाई तरकारी खेतीका लागि मल, बीउ र मल्चिन उपलब्ध गराइएको कृषि शाखा प्रमुख भट्टराईले जानकारी दिए । उनले ७ वटा कृषि फर्मलाई मह उत्पादन र २ वटा कृषि फर्मलाई तरकारी खेतीका लागि अनुदान दिइएको बताए । त्यस्तै नगरपालिकाले कालो नुनिया धान रोप्ने कृषकलाई प्रतिकठ्ठा ५०० सय रुपैयाँका दरले ४७ जना कृषकलाई प्रोत्साहन रकम उपलब्ध गराएको छ । तोरी खेतीका लागि पनि १० वटा कृषक समूहलाई प्रतिसमूह १ लाखका दरले अनुदान रकम उपलब्ध गराएको प्रमुख भट्टराईले जानकारी दिए । उनका अनुसार नगरपालिकाले किसानलाई बेमौसमी खेतीका लागि टनेलसमेत वितरण गर्दै आएको छ ।

कनकाई नहरबाट सिँचाई हुने भएकाले शिवसताक्षी नगरपालिकाका दक्षिणी क्षेत्रहरु तरकारी खेतीका लागि उपयुक्त मानिएको छ । शिवसताक्षीका ४, ५ ६ र ७ नम्बर वडाका अधिकांशले तरकारी खेती गर्ने गरेका छन् ।

# आफ्नै साथीबाट भद्रपुरका राईको हत्या



झापा(प्रस)। झापाको भद्रपुर २ मा छिमेकीको खन्ती प्रहारबाट एक युवकको मृत्यु भएको छ ।

आफ्नो घरमा सुत्न आएका साबिक पृथ्वीनगर गाविस हाल भद्रपुर नगरपालिका-२ स्थित गौरीशङ्कर बस्ने ३५ वर्षीय सनम भन्ने गंगा राईलाई छिमकी ३० वर्षीय कमानसिंह राईले पुरानो रिसिवीका कारण फलामको खन्तीले टाउकोमा प्रहार गर्दा गंगाको घट्नास्थलमा नै मृत्यु भएको हो ।

बुधवार राति ९ बजेको समयमा सनम भन्ने गंगा राई सोही ठाउँ बस्ने विरबहादुर राईको घरमा आई सुतेकोमा बिहीवार बिहान ५ बजेको समयमा विरबहादुरका छोरा कमानसिंहले सुतिरहेको अवस्थामा खन्ती प्रहार गरेका थिए । इलाका प्रहरी कार्यालय पृथ्वीनगरबाट टोली खटिगई कमानसिंहलाई खन्तीसहित नियन्त्रणमा लिएको र थप अनुसन्धान एवं कानुनी प्रकृयाको लागि जिल्ला प्रहरी कार्यालय झापाबाट टोली खटिगएको निमित्त सूचना अधिकारी ढुण्डीराज गिरीले जानकारी दिएका छन् ।






सञ्चालित कार्यक्रमहरुको जानकारी दिएका थिए । उनले पालिकासँग सहकार्य गर्नका लागि निजी स्वास्थ्य संस्थाहरुसँगको संवादमार्फत थप अवसरहरु सिर्जना गर्न, उत्कृष्ट अभ्यासहरुमा संयुक्त छलफल गर्न, जारी चुनौतीहरु समाधान गर्न र पारस्परिक हित र थप सुधारको सहकार्य गर्न मद्धत पुर्‍याउने बैठकको उद्धेश्य रहेको बताए ।

बैठकमा परिवार नियोजनको परिभाषाका बारेमा प्रस्तुतीकरण दिँदै अहिले परिवार नियोजन संशोधित भएर परिवार योजना भएको बताईएको थियो । प्रत्येक मानिसको जीवनलाई सुखी, खुशी, स्वास्थ्य र समृद्ध बनाउने परिवार योजना एउटा महत्वपूर्ण आधार नै भएको बताईएको छ । किशोर किशोरी अवस्थादेखि बयस्क अवस्थामा उत्पन्न हुने यौन चाहना र आवश्यकतालाई स्वास्थ्य र सुरक्षित ढंगले व्यवस्थापन गर्न, उपयुक्त समयमा विवाह र गर्भधारण गर्न, आनन्द प्राप्ति गर्न, स्वास्थ्य जन्मान्तरसहित उपयुक्त समय र संख्यामा बच्चा पाउने वा नपाउने र बच्चा पाउने चाहना भएका तर, विविध कारणले नसकेकाहरुका लागि सहयोग तथा सहजीकरण गर्ने माध्यम नै परिवार योजना रहेको बताईएको छ ।

आमाको स्वास्थ्यका लागि, बच्चाको स्वास्थ्य र विकासको लागि, महिला स्वास्थ्य, पोषण र समष्टिगत विकासको लागि, किशोरीहरुको स्वास्थ्य र विकासको लागि र आर्थिक अवस्थामा सुधार गर्न परिवार योजना महत्वपूर्ण मानिने प्रादेशिक संयोजक आलमले सहभागीहरुलाई जानकारी गराए । परिवार योजना क्षेत्रमा गरिने लगानीले भविष्यमा राष्ट्रको लागि स्रोत बचत हुने एउटा परिणामले देखाएको छ । अमेरिकी सहयोग नियोग युएसएआईडीले गरेको अध्ययन अनुसार परिवार योजना क्षेत्रमा गरेको एक अमेरिकी डलरले गर्भको जाँच, मातृ स्वास्थ्य र नवजात शिशुको स्वास्थ्य सेवामा गरिने खर्चमा ५ अमेरिकी डलर बचत हुने नतिजा देखाएको छ । नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको राष्ट्रिय परिवार योजना लागत कार्यान्वयन योजना २०१५ देखि २०२० अनुसार नेपालमा परिवार योजना क्षेत्रमा गरेको हरेक एक रुपैयाँ बराबर प्राथमिक शिक्षा,खोप, निमोनियाको उपचार, मातृ स्वास्थ्य सेवा र खानेपानीको लागि गर्नुपर्नेमा खर्चमा ३१ रुपैयाँ बचत हुने देखाएको छ । यी फाइदाहरुको अतिरिक्त परिवार योजनाले दीगो विकासका अधिकाँश लक्ष्यहरु प्राप्त गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सहयोग पुर्‍याउने विश्वास लिईएको छ ।

किशोर किशोरी र युवालाई गुणस्तरीय परिवार योजनाको सेवा प्रदान गर्न निजी स्वास्थ्य संस्था प्राविधिक र व्यवस्था क्षमता अभिवृद्धि गर्न मेचीनगर नगरपालिकाअन्तर्गत आठवटा निजी स्वास्थ्य सेवा प्रदायकहरुसँग त्रिपक्षीय सक्षमताअन्तर्गत कार्यक्रम सञ्चालनमा रहेको एमपीएचडीका वरिष्ठ कार्यक्रम अधिकृत रायमाझीले जानकारी दिए । सेवा प्रदायकलाई क्षमता अभिवृद्धि गर्ने परिवार योजना नेपाल सरकारको विभिन्न तालिमहरु (किशोर किशोरी मैत्री सेवा, संगिनी तालिम, मूल्य मान्यता) र रेकर्डिङ, रिपोर्टिङ, डिजिटल अनलाईनलगायत गुणस्तर एपमा काम भईरहेको रायमाझीले बताए । गुणस्तर सेवा अभिवृद्धि र सुनिश्चितता, अनलाईन सुझाव संकलन, सेवाग्राहीहरुसँग सेवा लिएपछि अनुभव संकलन परिवार सेवाको अभिलेख परियोजनाको मुख्यः काम हुन् । नेपालको संविधानको भाग ३ मौलिक हक र कर्तव्यअन्तर्गत धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ । त्यस्तै प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुने भनी उल्लेख गरिएको छ ।

## प्रहरी र सशस्त्र प्रहरीको पेट्रोल पम्प २४ सै घण्टा खुला



झापा(प्रस)। नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सञ्चालन गरेका पेट्रोल पम्प २४ सै घण्टा खुला गरिएको छाबुधबारदेखि प्रहरी र सशस्त्र प्रहरी बलले सञ्चालन गरेका पम्म २४सै घण्टा खुला गरिएको हो।

उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले निर्देशन दिएसँगै उक्त काम सुरू भएको सचिवालयले जनाएको छ। प्रहरी प्रधान कार्यालय नक्साल, सशस्त्र प्रहरी बलले हल्चोक र पोखरामा सञ्चालन गरिरहेको पेट्रोल पम्पमा यो निर्देशन लागु भएको हो।






नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# भ्रष्टाचारको महारोग

हरेक दिनजस्तो राज्यको सर्वोच्च निकायमा रहेका अधिकारीहरू भ्रष्टाचारमा निर्लिप्त भएका खबर प्रकाशित भइरहेको छ । अखबारका पाना राज्यका सामयिक अनुहार हुन्। भ्रष्टाचारको ठाउँ विकास निर्माणले लिँदो हो त त्यसैका खबर छापिने थिए। विकासको लहरले मानिसका मन तरंगित हुने थिए। तर अहिले राज्यले अघि सारेका सबैजसो आयोजनामा कुनै न कुनै अधिकारी भ्रष्टाचारमा डुबेका देखिन्छ।

वास्तवमा यतिबेला हाम्रो राज्य संयन्त्र अनियमितता र अनाचारको जगमा उभिएको अनुभूति हुँदैछ। तसर्थ राज्यको नेतृत्वमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहालले विशेष पहलकदमी लिन ढिला भइसकेको छ। त्यसैगरी वर्तमान गठबन्धन दललाई चलाइरहेका नेपाली कांग्रेस सभापति शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललगायत पनि यो जिम्मेवारीबाट उम्कन सक्दैनन्।

मुलुकका मुख्य सचिवदेखि उच्च पदाधिकारी कुनै न कुनै हिसाबले अनियमिततामा जोडिएका देखिएको छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनियमितताको अनुसन्धान गरी मुद्दा दायर गर्दा उपल्ला अधिकारीहरू प्रत्येक पटक जोडिने गरेका छन्। संयोगले अहिले पूर्वप्रधानमन्त्री र मन्त्रीहरू यस्ता मुद्दामा जोगिएका देखिँदैछ। केही मन्त्रीले झण्डा हल्लाउँदै अख्तियारमा बयान दिएका खबर पनि सार्वजनिक भएका छन्।

आफूमाथि अनुसन्धान हुन थालेका बेला पदबाट अलग भएर पनि अनुसन्धानलाई सघाउन सकिन्छ। झण्डा हल्लाउँदै बयान दिन जानु भनेको आफैँमा नियम र नैतिकतालाई चुनौती दिनु हो। विगतमा यस्तो कहिल्यै देखिएको थिएन। कसैमाथि अनुसन्धान हुन थाल्नासाथ पदबाट हटेर पनि अनुसन्धानलाई सघाउने गरिएको हो।

जुनै ठूला परियोजनामा हिजो समस्या देखिएको छ, ती परियोजनालाई कहिले लामो समयसम्म पूरा नगरेर पनि अनियमिततालाई सघाइएको छ। कैयन् योजना तथा आयोजना 'दुहुना गाई' रहेछन् यहाँका सत्तासीनका निम्ति। त्यसका सवार िसाधनको दुरूपयोगदेखि बजेट मास्ने/खानेसम्मको काम हुँदै आएको छ। यदाकदा यस्ता विषय उठे पनि खासै सुधारका निम्ति ध्यान दिने गरेको देखिएको छैन। त्यसैको परिणामस्वरूप अनियमितताले जरा गाडेको छ। वास्तवमा नेपाली समाजमा भ्रष्टाचार 'टिप अफ दि आइसबर्ग' जस्तो भइरहेको छ।

हेर्दा सानो अंश मात्र देखिन्छ। तर समस्या झन् गहिरो हुँदै गएको छ। कैयन् मुलुकमा 'शून्य सहनशीलता' नीति लिँदालिँदै पनि त्यहाँ अनियमितता भइरहेको छ। वास्तवमा हाम्रो समाजमा भ्रष्टाचार सर्वस्वीकार्य जस्तो भइरहेको छ। जसले जसरी कमाइ गरे पनि त्यसलाई सामान्य ठान्नु हाम्रो सामाजिक रोगजस्तो बन्न पुगेको छ। भ्रष्टाचारीले लुकेर हिँड्नुपर्ने परिस्थिति सिर्जना नगरी समाजमा सुधार आउन सक्दैन। यो परिस्थिति ल्याउन प्रमुख दलले भूमिका खेल्न सक्नुपर्छ।

# उपभोक्ता अदालत गठनको आवाज



• डा. अर्जुनकुमार खड्का

संविधान राज्य सञ्चालन गर्ने आवश्यक तत्व मात्र नभई राज्यका सम्पूर्ण जनअधिकार प्रत्याभूति गर्ने महत्वपूर्ण लिखत पनि हो । शासकको अधिकार क्षेत्र र जनअधिकारबिच समन्वय स्थापित गर्ने काम पनि संविधानको माध्यमबाट नै हुन्छ । संविधान शासक र शासितबिच सन्तुलन कायम गर्ने एक महत्वपूर्ण दस्तावेज हो । जुन सरकारका लागि निर्देशिका हो, सरकारलाई शक्ति प्रदान गर्ने र शक्तिमाथि नियन्त्रण लगाउन सक्ने एक कानुनी हतियार हो ।

जहाँसम्म संविधान अन्तर्गत जनताको हक र अधिकारको कुरासँग सम्बन्धित मौलिक हकसम्बन्धी व्यवस्था छ । त्यस्ता मौलिक हकलाई देशको संविधानले व्यवस्थित, प्रत्याभूति तथा संरक्षित गरेको हुन्छ । त्यसैले मौलिक हक साधारण हकको दाँजोमा बढी सुरक्षित छन् भन्ने गरिन्छ । यो हक व्यवस्थापिकाको पहुँचभन्दा बाहिर हुन्छ, किनकि यसलाई व्यवस्थापिकाले सामान्य कानुन बनाई नियन्त्रित तथा निष्क्रिय गर्न सक्दैन । साधारण हक अर्थात् कानुनी हक व्यवस्थापिकाको सामान्य उपायबाट नियन्त्रित र निष्क्रिय गर्न सक्ने प्रकृतिको हुन सक्छन् । मौलिक हक सामान्यभन्दा विशिष्ट प्रकृतिका छन् । संविधानको धारा १६ देखि धारा ४७ सम्म विभिन्न मौलिक हकको व्यवस्था छ । यी मौलिक हकमध्ये धारा ४४ अन्तर्गत व्यवस्था भएको 'उपभोक्ताको हक' नेपालको सन्दर्भमा एक विशेष प्रकृतिको हक हो । जुन हकलाई उपभोक्ताले लामो समयदेखि माग गर्दै आएको अवस्था थियो । यस हकमा मुख्य गरेर प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने छ भन्ने स्पष्ट व्यवस्था गरिएको छ । साथै, 'गुणस्तरीय वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने छ' भन्ने व्यवस्था गरी कानुन निर्माण गरी न्यायिक व्यवस्था गर्नु पनि दायित्व व्यवस्थापिकालाई सुम्पन खोजेको छ ।

उन्नाइसौँ शताब्दीको सुरुवातदेखि नै धेरै देशमा उपभोक्ताको हक अधिकारका सम्बन्धमा सामाजिक चेतना जागृत गर्न थालेको पाइन्छ । यसै सन्दर्भमा विश्वमै पहिलो पटक संयुक्त राज्य अमेरिकामा सन् १९६२ मा उपभोक्ताको अधिकारसम्बन्धी कानुन निर्माण भएको थियो । अमेरिकाका राष्ट्रपति जोन एफ क्यानेडी नै प्रथम व्यक्ति हुन्, जसले उपभोक्ताको हक हितको सम्बन्धमा प्रथम पटक आवाज उठाएका थिए । उनले चार प्रकारका उपभोक्ताका आधारभूत अधिकारका बारेमा उल्लेख गरेको पाइन्छ । ती हुन सुरक्षाको अधिकार, आफ्नो इच्छा अनुसार वस्तु वा सेवा छान्न पाउने अधिकार र सुनुवाइ गर्न पाउने अधिकारसम्बन्धी व्यवस्था । संयुक्त राष्ट्रसंघको महासभाले सन् १९८५ मा उपभोक्ताको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय मार्गदर्शन १९८५ पारित भई कार्यान्वयनमा रहेको छ । उपभोक्ताको सुरक्षाको अधिकार, सुसूचित हुने अधिकार, वस्तु वा सेवा छनोटको अधिकार, मर्काविरुद्ध सुनुवाइको अधिकार, क्षतिपूर्तिको अधिकार, आधारभूत आवश्यकताका वस्तु वा सेवामा पहुँचको अधिकार, उपभोक्ता शिक्षाको अधिकार, स्वच्छ तथा स्वस्थ वातावरणको अधिकार, दिगो उपयोगको अधिकार जस्ता अधिकारहरू समावेश गरी उपभोक्तालाई सचेत पार्ने काम गरेको छ ।

यस्तै प्रकृतिको व्यवस्थालाई अनुसरण गर्दै नेपालमा २०४७ सालको परिवर्तनपछि नागरिकसँग प्रत्यक्ष सम्बद्ध रहेका थुप्रै कानुन निर्माण गर्ने सन्दर्भमा उपभोक्ता संरक्षण ऐन, २०५४ निर्माण गरियो पछि यसलाई पनि खारेज गरी उपभोक्ता संरक्षण ऐन, २०७५ पनि निर्माण गरियो जुन उपभोक्ताको हक, हित रक्षाको सम्बन्धमा एक महत्वपूर्ण कानुन हो । उपभोक्ता हितको सन्दर्भमा यस उपभोक्ता संरक्षण ऐन, २०७५ धेरै व्यवस्था गरेको अवस्था छ । यस ऐनले मुख्य गरेर गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा संवर्धन गर्न उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानि, नोक्सानीबापत क्षतिपूर्ति उपलब्ध गराउन उपभोक्ता संरक्षणसम्बन्धी कानुनी व्यवस्था गरेको छ ।

यस ऐनले उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्ता वर्गलाई संरक्षण प्रदान गरी उपभोग्य वस्तु वा सेवाको गुण वा उपयोगिता घटाउन वा झिक्न नपाउने व्यवस्था गरेको छ । उपभोक्ताको हक, हित र अधिकारको संरक्षण गर्ने व्यवस्था गर्नसमेतका लागि यो ऐनले जोड दिएको छ ।

उपभोक्ता संरक्षण नियमावली, २०७६ को पनि व्यवस्था गरी उपभोक्ताको हक अधिकारलाई अझ बलियो, नियमित र व्यवस्थित गर्ने प्रयास पनि गरिएको छ । यसै नियमावलीले वस्तु वा सेवाको सम्बन्धमा सूचित गराउन के कस्तो उपभोग्य वस्तु वा सेवा उपभोग गर्न हुने र गुणस्तर नभएका उपभोग्य वस्तु वा सेवा प्रयोग गर्दा सोबाट पर्न सक्ने प्रभाव आदिका सम्बन्धमा जानकारी गराउन उपभोक्ता शिक्षासम्बन्धी आवश्यक शैक्षिक पाठ्यक्रम तयार गर्नेलगायतका विषयको सन्दर्भमा पनि उल्लेख गरिएको छ । तथापि उपभोक्ता ऐन तथा नियमावलीभन्दा आपूर्ति नीति, २०६९ पुरानै भए पनि यस नीतिले उपभोक्तालाई अत्यावश्यक वस्तु तथा सेवा कुनै अवरोधबिना स्वस्थ प्रतिस्पर्धाका आधारमा, पर्याप्त, सहज, सुलभ र गुणस्तरीय रूपमा उपलब्ध गराउने सम्बन्धमा नीतिगत तथा संस्थागत सुधार गर्ने कार्यलाई जोड दिई उपभोक्ता वर्गलाई महत्व दिइएको छ ।

नेपाल सरकारले उपभोक्ता संरक्षण नियमावली, २०७६ ले दिएको अधिकार प्रयोग गरी उपभोग्य वस्तु तथा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता आदिका सम्बन्धमा सुपरीक्षण तथा अनुगमन गर्ने प्रयोजनार्थ विभिन्न व्यवस्था गरेको छ । यस्ता प्रकृतिका कानुनी तथा नीतिगत व्यवस्था रहेको भए तापनि जबसम्म कानुनी तथा नीतिगत व्यवस्थाको सन्दर्भमा उठेका विवादलाई न्यायिक तवरले छिटो छरितो निरूपण गरिँदैन तबसम्म त्यस्ता कानुनी तथा नीतिगत व्यवस्थाले मात्र उपभोक्ताको हक अधिकारको संरक्षण तथा संवर्धन हुन सक्दैन ।

हुन त व्यवहारमा आपूर्ति व्यवस्थापनका लागि विगत तथा वर्तमानमा भएका विभिन्न कानुनी तथा संस्थागत प्रयासको बाबजुद पनि देशमा आपूर्तिको सक्षम, सुलभ तथा प्रभावकारी व्यवस्थाले अपेक्षित प्रगति हासिल गर्न नसकेको यथार्थ हामीसामु छ । यसर्थ, देशको हरेक क्षेत्रमा आमउपभोक्ताका लागि अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति पर्याप्त, सरल, गुणस्तरीय र व्यवस्थित हुन सकेको छैन । यद्यपि दुर्गम क्षेत्रका जनतालाई समयमा नै पर्याप्त र सहज तरिकाले खाद्यवस्तु, स्वास्थ्य सेवा, इन्धन, ग्यासलगायतका आधारभूत आवश्यकताको परिपूर्ति गर्न राज्यले ठुलो मेहनत गरिरहेको अवस्था छ । तथापि यसमा अपेक्षाकृत सफलता प्राप्त हुन सकेको अवस्था छैन । एकातिर वस्तु तथा सेवाको आपूर्तिका लागि बाह्य देशबाट हुने आयातमा समेत निर्भर रहेको छ भने अर्कोतिर देशभित्र ढुवानीको सहज पहुँच नरहेको अवस्था छ, जसले गर्दा आपूर्ति व्यवस्था अपेक्षित रूपमा सर्वसुलभ र प्रभावकारी हुन सकेको छैन । आपूर्ति व्यवस्थापनको मेरुदण्ड तथा मुख्य आयामको रूपमा रहेको सार्वजनिक-निजी साझेदारीको संयन्त्र, उपभोक्ता अनुगमन, खाद्य सुरक्षा, संस्थान सुधार तथा बजार व्यवस्थापनसँग सम्बन्धित कानुनबिच उपयुक्त नीतिगत, संस्थागत र कार्यगत तादात्म्य

आपूर्ति व्यवस्थापनमा निरन्तर अनुगमन, निरीक्षण तथा अनुसन्धान र कारबाही प्रक्रिया व्यावहारिक र वैज्ञानिक हुन नसकेकाले आपूर्ति व्यवस्थापन अन्तर्गत विभिन्न संघसंस्था, समूह तथा क्षेत्रका प्रणालीमा आपराधिक क्रियाकलापका साथै दण्डहीनता पनि बढ्दै गएको देखिन्छ अर्थात् राज्यले समयसापेक्ष रूपमा आपूर्ति व्यवस्थापनका लागि गर्नुपर्ने सुधारको अभावमा सम्पूर्ण आपूर्ति क्षेत्र स्वच्छ, प्रतिस्पर्धात्मक, व्यावसायिक बन्न नसकिरहेको देखिन्छ । विद्यमान परिस्थितिमा राज्यले उपभोक्ता तथा आपूर्ति व्यवस्थासँग प्रत्यक्ष सरोकार राख्ने मौलिक हक र राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूलाई समेत व्यावहारिक रूपमा अङ्गीकार गर्दै जाने सन्दर्भमा आपूर्ति व्यवस्थापनको विद्यमान संयन्त्र र प्रणालीमा समय अनुकूल परिवर्तन गर्न आवश्यक पनि छ ।

उपभोक्तासम्बन्धी हक मानव अधिकारको अभिन्न अङ्ग भएको र सामान्य नागरिकदेखि देशको राष्ट्र प्रमुखसम्म पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उपभोक्ताको परिभाषाभित्र पर्ने हुनाले पनि उपभोक्ता हकको महत्व छ । यसैले उपभोक्तासम्बन्धी भइरहेका कानुनी तथा नीतिगत व्यवस्थालाई समसामायिक रूपमा परिमार्जन गर्दै नेपालको संविधान, २०७२ को भाग ३ अन्तर्गत धारा ४४ मा व्यवस्था भएको उपभोक्ताको हकलाई संरक्षण, प्रवर्धन तथा संवर्धन गर्न उपभोक्तासम्बन्धी विशिष्टकृत अदालत अर्थात् उपभोक्ता अदालत गठन गर्नुपर्ने चुनौती बढेको छ । यसो गर्न सकेमा नेपालको संविधानले परिकल्पना गरेको उपभोक्ताको हकले सार्थकता पाउने छ भने अर्को तर्फ उपभोक्ताले हाल बेहोर्नु परेको उपभोग्य वस्तुको कालोबजारीलगायत अपर्याप्ततालाई पनि केही हदसम्म समन्वय गर्न सफल हुन सक्ने देखिएको छ ।

# युवा विकासका कार्यक्रम



• जगदीश ऐर

संघीय र प्रदेश संसद् तथा स्थानीय तहमा युवाको प्रतिनिधित्व बढ्दो छ । स्थानीय तहमा ४१.१४ प्रतिशत, प्रदेशमा २१ प्रतिशत र संघीयमा १३ प्रतिशत युवा निर्वाचित भएका छन् । यसबाट राज्यको नीतिनिर्माण तहमा युवाको पहुँच र सहभागिता उल्लेख्य रूपमा बढेको देखिन्छ । सरकारको विगत चार वर्षको बजेटलाई हेर्ने हो भने युवालाई विशेष ध्यान दिइएको छ ।

स्थानीय सरकारले युवाको व्यावसायिक सिप विकास र स्वरोजगारका विभिन्न कार्यक्रम घोषणा गरेका छन् तर युवाको विकासका लागि आवश्यक बजेट पुगेन भन्ने गुनासो सर्वत्र सुनिन्छ । सरकारले विभिन्न मन्त्रालयमार्फत युवाको विकासका लागि बजेट विनियोजन गर्नुभन्दा एउटै मन्त्रालयबाट गर्नु उचित हुन्छ । यसले कार्यक्रम एकीकृत तवरबाट कार्यान्वयन गर्न सहयोग पुग्छ भने कार्यक्रम प्रभावकारी पनि हुन्छ ।

आवधिक योजना तथा वार्षिक नीति, कार्यक्रम र बजेटमा युवालाई सम्बोधन गर्ने गरिएको छ । युवा विकासका लागि 'राष्ट्रिय युवा नीति-२०७२' र 'युथ भिजन-२०२५' तथा दसवर्षे रणनीतिक योजना जारी गरी कार्यान्वयनमा ल्याइएको छ । राष्ट्रिय युवा नीति २०६६ ले युवालाई राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत तथा परिवर्तनका संवाहक शक्ति मानेको छ । साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवं उच्च आत्मविश्वासका कारण यो वर्ग राष्ट्रको प्रमुख धरोहरको रूपमा रहेको छ, जसलाई राष्ट्र निर्माणको प्रमुख स्रोतसमेत मानिन्छ । २०७८ को जनगणना अनुसार नेपालमा १६ देखि ४० वर्ष उमेर समूहको जनसंख्या कुल जनसंख्याको ४२.५६ प्रतिशत रहेको छ । राष्ट्रिय युवा नीति, २०६६ ले निर्देश गरेबमोजिम पाँच वर्षपछि पुनरावलोकन गरी राष्ट्रिय युवा नीति, २०७२ तर्जुमा गरिएको छ । यस नीतिले 'युवा' भन्नाले १६ देखि ४० वर्षसम्मका सबै नेपाली नागरिक पुरुष, महिला, आदिवासी, जनजाति, मधेशी समुदायका व्यक्तिलाई समेटेको छ । त्यसैगरी यस नीतिले विशेष प्राथमिकताको समूहमा द्वन्द्वपीडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक, दलित, मुस्लिम समुदायका र कर्णाली तथा पिछडिएको क्षेत्रका युवालाई समेटेको छ । युवा सरोकारका विषयलाई व्यवस्थित रूपमा सम्बोधन गरी द्वन्द्वोत्तर शान्ति तथा आर्थिक, सामाजिक रूपान्तरण हासिल गर्न छुट्टै संयन्त्रको आवश्यकता महसुस गरी २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको हो । राष्ट्रिय युवा नीति, २०६६ ले लक्षित गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्न विविध कार्यक्रम सञ्चालन भएका छन् । युवा विकासका लागि नीतिगत पहल गर्न तथा कार्यक्रम कार्यान्वयनको मुख्य जिम्मेवार निकायका रूपमा भने राष्ट्रिय युवा परिषद् गठन भएको छ ।

गुणस्तरीय, समयसापेक्ष, रोजगारमूलक शिक्षाको अभाव; व्यावसायिक सिप र प्रविधिमा न्यून पहुँच; बेरोजगारी र अर्ध-बेरोजगारी; युवा पलायन, कमजोर स्वास्थ्य, पोषण र मनोबल; युवामैत्री लगानी र उद्यमशील वातावरणको अभाव, लैङ्गिक, क्षेत्रीय, जातीय असमानता तथा विश्वव्यापीकरण र उदारीकरणले ल्याएका नकारात्मक प्रभाव नेपाली युवाका समस्या एवं चुनौतीका रूपमा राष्ट्रिय युवा नीतिले औँल्याएको छ । लोकतान्त्रिक, संघीय शासन प्रणाली र विकासमा सार्थक सहभागिताको अवसर; कृषि, पर्यटन, जलस्रोतलगायतका प्राकृतिक साधनस्रोतको प्रचुरता; बैङ्क, सहकारी, लघुवित्तको बढ्दो सञ्जालबाट आर्थिक स्रोतसाधनमा बढ्दो पहुँच; औपचारिक तथा व्यावसायिक शिक्षाको बढ्दो सञ्जालले सबैलाई शिक्षा कार्यक्रम; लक्षित समूह एवं भौगोलिक क्षेत्र केन्द्रित विभिन्न कार्यक्रमको विस्तार; सचेतना विस्तारमा विकास साझेदारको बढ्दो सञ्जाल; ठुलो संख्यामा वैदेशिक रोजगारीको अवसर र त्यसबाट प्राप्त सिप, अनुभव र स्रोतसाधनको उत्पादनशील क्षेत्रमा प्रयोग गर्दै आन्तरिक रोजगारी सिर्जना युवाका अवसर तथा चुनौती रहेको कुरा पनि यस नीतिले ठानेको छ ।

२०६२/०६३ सालको शान्तिपूर्ण जनआन्दोलन, दसवर्षे सशस्त्र द्वन्द्व, मधेश, थरुहट, जनजाति र छुवाछुतविरुद्धको मुक्ति आन्दोलनलगायत आस्था र पहिचानका आन्दोलनबाट युवाको विद्यमान अवस्थालाई विशेष रूपमा सम्बोधन गर्न युवासम्बन्धी सहभागितामूलक स्थानीय नीति तथा कार्यक्रमको आवश्यकता पहिलेभन्दा आजको दिनमा अझ बढ्न गएको छ । नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि युवाले गरेको उल्लेखनीय योगदानको कदर स्वरूप वर्ग, लिङ्ग, जाति, भाषा र धर्म जस्ता विषयलाई सम्बोधन गरी अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका र कर्णाली तथा पिछडिएको क्षेत्रमा रहेका युवालाई समेत विशेष रूपमा सम्बोधन गरिनु पर्छ । समावेशी, समानुपातिक र सम-विकासको सिद्धान्त अनुरूप संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न, राष्ट्रिय स्वाधीनता तथा नेपालको सार्वभौमसत्तालाई अक्षुण्ण राख्न, राजनीतिक, आर्थिक, सामाजिक, तथा सांस्कृतिक रूपान्तरणमा युवा नेतृत्वको सम्भावनालाई मूर्त रूप दिन र राज्य सञ्चालनका हरेक प्रक्रियामा युवाको सक्रिय सहभागिता र नेतृत्वदायी भूमिका सुनिश्चित गर्न राज्यले ठोस नीति अवलम्बन गर्नु पर्छ ।

स्वस्थ तथा अनुशासित नागरिक र समाजको सिर्जना गर्न खेलकुदलाई प्रमुख आधारको रूपमा लिइन्छ । यस्तै राष्ट्रको प्रतिष्ठा वृद्धि गर्न र विभिन्न सम्प्रदाय, भाषा तथा संस्कृति एवं समुदायबिच एकता कायम गरी एकजुट बनाउन पनि खेलकुदको योगदान महत्वपूर्ण रहेको हुन्छ तर सरकारले युवाका निम्ति खेलकुद क्षेत्रलाई विश्वव्यापी मूल्य र मान्यता अनुसार विकास गर्न साङ्गठनिक ढाँचामा समयसापेक्ष सुधार हुन सकेको छैन । यसैगरी सरकारी, गैरसरकारी एवं निजी क्षेत्रबिच समन्वय, सहकार्य एवं साझेदारीको वातावरण तयार गरी खेलकुदको विकास र विस्तार गर्दै यसलाई जीवनको अभिन्न अङ्ग बनाउने प्रयास पनि गर्न सकेको देखिँदैन ।

देशभरका ९० पालिकामा युवा अनुकूल नीति ल्याइएको छ। यसबाट स्थानीय सरकारका नीतिनिर्माण र विकास योजनामा युवाको पहुँच बढेको छ । युवा लक्षित कार्यक्रमले ठाउँ पाउन थालेका छन् । परिषद्ले यसका लागि 'युवामैत्री स्थानीय तह दिग्दर्शन-२०७५,' 'युथ भिजन-२०२५' तथा 'दसवर्षे रणनीतिक योजना' र 'राष्ट्रिय युवा नीति-२०७२' ल्याएको छ। 'युवा भोलिका कर्णधार मात्र होइनन्, वर्तमानका साझेदार पनि हुन्,' यस कारण राज्यको हरेक क्षेत्रमा उनीहरूको सहभागितामा जोड दिइएको छ ।

२०७५ मा ल्याइएको 'युथ भिजन'ले स्थानीय सरकारमा युवा परिचालन बढाउने लक्ष्य राखेको छ। सन् २०२५ सम्ममा स्थानीय सरकारको कुल बजेटमा १० प्रतिशत युवा लक्षित कार्यक्रममा छुट्याउनुपर्ने भनिएको छ। युवाले ठाउँ ठाउँमा नमुना युवा संसद्को अभ्यास गरिरहेका छन् । युवाको नेतृत्व विकास गरी संविधान, कानुन, संसदीय प्रक्रिया, मर्यादा र अभ्याससँग परिचित गराउन तीन वर्षदेखि यस्तो अभ्यास ल्याइएको हो । युवालाई स्थानीय तहमा सहभागी हुन मार्गप्रशस्त भएको छ । यद्यपि युवा आफू कसरी स्थानीय नीति निर्माण प्रक्रिया, योजना तथा कार्यक्रम सञ्चालन गर्ने कार्यमा सहभागी हुन सक्छु भन्ने सन्दर्भमा अन्योलमै छन् ।

यो अन्योल चिर्न हरेक स्थानीय तहले आफ्नो पालिकामा युवामञ्च गठन गरी सम्पूर्ण पालिकाका गतिविधिमा युवालाई समावेश गर्न सक्छन् । यो कार्यमा स्थानीय युवाले आफ्नो पालिकामा गई सहजीकरण गर्न सक्छन् । पालिकाका परिषद् बैठकमा अर्थपूर्ण उपस्थिति जनाई युवाले आफू अनुकूल नीति तथा कार्यक्रम निर्माण गर्न सकारात्मक दबाब दिन सक्छन् ।

पालिकाले गरेका हरेक गतिविधिलाई निगरानी गर्न तत्सम्बन्धी सूचनाको हक प्रयोग गरी खोजी गर्न सक्छन् । पालिकासँगको साझेदारी बढाउन, युवा आफैँ सक्रिय भई जनप्रतिनिधिसँग सहकार्य गर्न सक्छन् । युवा विकासका लागि 'राष्ट्रिय युवा नीति-२०७२' र 'युथ भिजन-२०२५' तथा दसवर्षे रणनीतिक योजनालगायत दिगो विकासका लक्ष्य हासिल गर्न सम्पूर्ण युवा आफ्नो पालिकासँग नजिक रही सहकार्य तथा साझेदार बन्न सक्नु पर्छ ।



# जाडो छल्न नेपाल आएका पाहुना चरा फर्किए

झापा(प्रस)। विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि रसिया, साइबेरियालगायत मुलुकबाट जाडो छल्न नेपाल आएका पर्यटक चरा स्वदेश फर्किएका छन्।
चैत सुरुदेखि पर्यटक चरा स्वदेश फर्किने गर्दछन्।
असोजदेखि नेपाल आउने हिउँदे पर्यटक चरा पुषसम्म आउने क्रम जारी रहने जनाउँदै चैत लागेसँगै आफ्नै गन्तव्य स्थान फर्कने राष्ट्रिय प्रकृति संरक्षण कोष कोशी संरक्षण केन्द्रका प्रमुख वीरेन्द्र गौतमले बताए। उनका अनुसार सुनसरी, सप्तरी र उदयपुर जिल्लाको संगमस्थलमा रहेको वर्षभन्दा यस वर्ष कोशीटप्पु आरक्ष क्षेत्रमा चराको संख्यामा कमी आएको कोशी संरक्षण केन्द्रका प्रमुख गौतमले बताए।
उनका अनुसार 'मिड-विन्टर वाटर वर्ड सेन्सस-२०२४' अन्तर्गत यस वर्ष कोशीटप्पु आरक्षलगायत कोशी नदी क्षेत्रमा गरिएको गणनामा ५३ प्रजातिका पाँच हजार पाँच सय २७ संख्यामा चरा फेला परेका छन्। गत वर्ष ५६ प्रजातिका सात हजार पाँच सय ७३ चराको तथ्यांक रहेको उनको भनाइ छ।

बर्सेनि नयाँ-नयाँ प्रजातिका चरा आउने क्रम थपिए पनि यस वर्षको गणनामा चराको



कोशीटप्पु वन्यजन्तु आरक्ष नेपालमा चराको राजधानीजस्तै बनेको छ।
करिब ५० प्रजातिका बटुवा चरा नेपालको बाटो हुँदै भारत, पाकिस्तान र श्रीलंकातर्फ जाने गौतमले बताए। उनका अनुसार यसरी जाडो छल्न आउने हिउँदे आगन्तुक चरा नेपालका प्रमुख सिमसार क्षेत्र कोशीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बिसहजारी, जगदीशपुर, घोडाघोडी ताल, शुक्लाफाँटा वन्यजन्तु आरक्ष तथा कोशी, गण्डकी, नारायणी नदी र त्यसका सहायक नदीमा प्रायः रहने गर्दछन्।
जाडो याममा नेपालमा बसाइँ सरेर आउने चराको अधिकांश हिस्सा हाँस प्रजातिले ओगट्छन् भने अन्य प्रजातिमा सिकारी तथा मांसाहारी चरा, चाँचर, साना फिस्टा, अर्जुनक, झ्याप्सी, भद्राइलगायत प्रजाति पर्ने चरा विद्हरु बताउँछन्। अघिल्लो प्रजाति र संख्यामा कमी आएको राष्ट्रिय प्रकृति संरक्षण कोष कोशी संरक्षण केन्द्रका प्रमुख वीरेन्द्र गौतमले बताए। गत पुष २५ देखि २९ गतेसम्म भएको चरा गणनाको विश्व सिमसार दिवसका अवसरमा तथ्यांक सार्वजनिक गरिएको थियो। गौतमका अनुसार कोशीमा सबैभन्दा धेरै आठ सय ४८ को संख्यामा सिलसिले हाँस फेला परेका छन्। उच्च संख्यामा फेला परेका १० प्रजातिका चरामध्ये चखेवा पाँच सय छ, राज हुटिट्याउ चार सय ५५, जलेवा चार सय ४५, वस्तु बकुल्ला तीन सय ७६, सानो जलेवा तीन सय ७१, कर्रा सवारी दुई सय ५७, लामाऔँले दुई सय २२, आसकोटे बकुल्ला दुई सय १० र जलरंग एक सय ८७ रहेका उनले जानकारी दिए। कोशीटप्पु आरक्ष क्षेत्रलगायत कोशी क्षेत्रमा यस वर्ष चराको संख्या घटेको उनले बताए।

# इलाम-२ मा रास्वपाको प्राइमरी इलेक्सन




झापा(प्रस)। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले इलाम-२ को उप निर्वाचनमा उम्मेदवार छान्नका लागि प्राइमरी इलेक्सन गर्ने भएको छ। रास्वपाले विधानको धारा ७१ बमोजिम सञ्चालन गरिने प्रारम्भिक निर्वाचनको कार्यक्रम तालिका सार्वजनिक गरेको हो।

जसअन्तर्गत चैत १४ गतेसम्म उम्मेद्वारका आकांक्षीले आवेदन दिन सक्नेछन्। प्रारम्भिक उम्मेदवारको नामावली चैत १४ गते प्रकाशन गरिने रास्वपाले जनाएको छ। चैत १४ देखि १५ गतेसम्म प्रारम्भिक उम्मेदवारी उपर दाबी विरोधको समय निर्धारण गरिएको छ।
१५ गते साँझ ५ बजे सम्म उम्मेदवारसँग छलफल गरिने र त्यही दिन राति ८ बजे उम्मेद्वारको अन्तिम नामावली प्रकाशन गरिने रास्वपाले जनाएको छ। चैत १६ गते मतदानको कार्यतालिका रहेको रास्वपाले विज्ञप्तिमार्फत जनाएको छ। प्रारम्भिक निर्वाचनका लागि त्यस क्षेत्रका पार्टी सदस्यले मतदान गर्नेछन्। उम्मेदवारी दर्ता, मतदान रास्वपाको मोबाइल एपमार्फत हुने रास्वपाका सह महामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिए।

वैशाख १५ गते इलाम २ मा उपनिर्वाचन हुँदैछ। अहिलेसम्म कुनै पनि दलले उम्मेदवारको टुङ्गो लगाउन सकेका छैनन्।

# अर्जुनधारामा सुपारी चोर्ने दुईजना पक्राउ




झापा(प्रस)। झापाको अर्जुनधारामा सुपारी चोर्ने दुईजना पक्राउ परेका छन्। बिहीवार साँझ ५बजेको समयमा अर्जुनधारा ५ फूलबारी टोलमा टिकादेवी गिरीको सुपारी बगानबाट काँचो सुपारी झारी बोरामा हालेर लैजान लागेको अवस्थामा अर्जुनधारा ७ बस्ने सुनिल राई र वडा न. ८ बस्ने आलो भन्ने सुरज मण्डललाई सुपारी बगानबाटै पक्राउ गरिएको हो। ५ वटा प्लाष्टिकको बोरामा भरेर उनीहरुले काँचो सुपारी लैजान लागेका थिए। अन्दाजी १० हजार ९८० रुपैयाँ बराबरको १८३ किलोग्राम सुपारीसहित उनीहरुलाई प्रहरी चौकी शनिश्चरेको टोलीले नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय अनारमनीमा ल्याई थप अनुसन्धान भइरहेको जनाइएको छ।

# ५६ लाख ४३ हजार बालबालिकाले लगाए दादुरा-रुवेलाविरुद्धको खोप



झापा(प्रस)। सरकारले सञ्चालन गरेको दादुरा-रुवेलाविरुद्धको खोप अभियानमा ५६ लाख ४३ हजार नौ सय १२ जना बालबालिकाले खोप लगाएका छन्। दादुरा-रुवेला संक्रमणको जोखिमलाई दृष्टिगत गरी सरकारले गत फागुन १३ देखि चैत ७ गतेसम्म खोप अभियान सञ्चालन गरेको थियो।
बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमका अनुसार ५७ लाख ४२ हजार नौ सय ९३ बालबालिकालाई खोप लगाउने लक्ष्य रहेकोमा ५६ लाख ४३ हजार नौ सय १२ जना बालबालिकाले खोप लगाएका हुन्। "हाम्रो लक्ष्यअनुसार नै बालबालिकाले खोप लगाएका छन्" उनले भने,"जिल्लाबाट प्राप्त प्रारम्भिक चरणको प्रतिवेदनमा ९६ प्रतिशतले खोप लगाएको पाइएको छ।"
सरकारले यस वर्ष दादुरा रुवेलाको संक्रमणलाई ध्यान दिदै पश्चिम रुकुम र जाजरकोट जिल्लाबाहेक ७५ जिल्लामा खोप अभियान सञ्चालन गरेको थियो। पश्चिम रुकुम र जाजरकोटमा यसअघि नै अभियान सञ्चालन भएको थियो।
भारतसँग सीमा जोडिएका २१ जिल्ला तथा काठमाडौं उपत्यकाका तीन जिल्लामा नौ महिनादेखि १५ वर्ष मुनिका र ५१ जिल्लामा नौ महिनादेखि पाँच वर्षसम्मका बालबालिकालाई खोप लगाइएको थियो। खोप अभियान सफल बनाउन देशभर ४८ हजार सात सय ९८ खोप केन्द्रमा ४९ हजार नौ सय ३७ जना स्वास्थ्यकर्मी र ५९ हजार नौ सय छ जना स्वयम्सेवक परिचालन गरिएको थियो।

# नाइजेरियन नागरिकसहित दुई पक्राउ



झापा(प्रस)। सशस्त्र प्रहरीले अवैध रुपमा नेपाल प्रवेश गरेको एक नाइजेरियन नागरिकसहित दुईजनालाई पक्राउ गरेको छ। झापास्थित सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट तिरिङले बिहीबार बिहान पौने ९ बजे पैदल गस्तीका क्रममा नाइजेरियन नागरिक ३२ वर्षीय अनेकोर सिमोन ओगेचुकु र भारतीय नागरिक ३० वर्षीय सनम राईलाई पक्राउ गरेको हो।
सशस्त्र प्रहरी नायव निरीक्षक केदारराज खड्काको नेतृत्वमा खटिएको टोलीले उनीहरूलाई मेचीनगर नगरपालिका- १ डिल्लीगौडा भन्ने ठाउँबाट पक्राउ गरेको सशस्त्र प्रहरी बल नेपाल नम्बर २ गण झापाले जनाएको छ।

भारत पश्चिम बङ्गाल दार्जिलिङ जिल्ला मणिग्राम पञ्चायत मारा पुल बस्ने राईले नाइजेरियन नागरिक ओगेचुकुलाई डब्लुबी ७४०७५८ नम्बरको भारतीय मोटरसाइकलमा राखेर अवैध बाटो भएर नेपाल प्रवेश गराउन खोजेका थिए।
नाइजेरियन नागरिक ओगेचुकुबाट ४ हजार ५ सय भारतीय रुपैयाँ,दुई थान मोबाइल,एक थान एनआइसी एसियाको चेक,एक थान नाइजेरियन पासपोर्ट, भिसा र भारतीय नागरिक राईको साथबाट एक थान मोबाइल, भारतीय एटिएम, भारतीय रुपैयाँ १४ हजार ४२० फेला परेको सशस्त्र प्रहरीले जनाएको छ।

नाइजेरियन नागरिक ओगेचुकु भारतीय भिसामा २०२२ सेप्टेम्बर २५ तारिख नयाँ दिल्ली आएको रहेछ। उनको भिसा २०२३ सेप्टेम्बर २३ तारिखसम्म मात्र रहेको पाइएको छ। उनीहरूलाई आवश्यक कारबाहीका लागि अध्यागमन कार्यालय काँकडभिट्टा बुझाइसकेको जनाएको छ।

# प्रादेशिक अस्पतालका बिरामीलाई फलफूल वितरण

भद्रपुर(प्रस)। अन्तर्राष्ट्रिय जातीय तथा रंगभेद उन्मूलन दिवसको अवसर पारेर बिहीवार प्रादेशिक अस्पताल भद्रपुरका विरामीहरुलाई फलफूल वितरण गरिएको छ।
नेकपा एमालेनिकट नेपाल उत्पीडित जातीय मुक्ति समाज, भद्रपुर नगर कमिटीको आयोजनामा अस्पतालका बिरामीहरुलाई फलफूल वितरण गरिएको हो।
समाजले अस्पताल परिसरमा संक्षिप्त कार्यक्रम गरेपछि बिरामीहरुलाई फलफूल वितरण गरेको थियो।




समाजकी भद्रपुर अध्यक्ष दुर्गा पोर्तेलको अध्यक्षतामा आयोजित कार्यक्रममा केन्द्रीय सचिवालय सदस्य टिकाराम मग्रातीले समाजमा कतै-कतै अझै पनि जातीय विभेद र रंगभेद हुने गरेको भन्दै पूर्णरुपमा उन्मूलनका लागि सबै एकजुट हुनुपर्ने बताए।
समाजका केन्द्रीय सल्लाहकार तथा नेकपा एमाले भद्रपुर नगर कमिटी सचिव घनश्याम लकान्द्रीले सञ्चालन गरेको कार्यक्रममा अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. रामबाबु खड्काले दिवसलाई रचनात्मक ढंगबाट बनाउने मुक्ति समाजको कार्यको प्रशंसा गर्दै अस्पतालका बिरामीलाई फलफूल वितरण गरेकोमा समाजलाई धन्यवाद दिएका थिए।

समाजका केन्द्रीय सचिवालय सदस्य मग्राती, डा. खड्का, नेकपा एमाले कोशी प्रदेश कमिटी सदस्य माधव विद्रोही, नेकपा एमाले झापा जिल्ला उपसचिव असारु राजवंशीलगायतले अस्तालका झण्डै एक सय बिरामीलाई फलफूल वितरण गरेका थिए।


प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट


वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** प्रतिस्पर्धामा विजयी भइनेछ। बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ। व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ। जटिल ठानिएको सम्पादन

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ। घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ। रोकिएका

**तुला** आफन्तसँग मनमुटाव बढ्ला। आफूलाई कमजोर भएको अनुभूति हुनेछ।

**वृश्चिक** हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ। सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ। चिताएको कामले तीव्रता लिनेछ

**मकर** आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ। परिवारजनको साथले नयाँ आशा

**कुम्भ** आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ। व्यापार

**मिन** आज शुभकार्यको चर्चा चल्नेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन्।